# नौवहिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश प्यूठान

५ अनुसूची–१२क नेपाल

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

## नदीजन्य पदार्थको विक्री का लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७।०७।१९)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस नौबहिनी गाउँपालिका को आर्थिक ऐन, २०७७ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नौबहिनी गाउँपालिकाले तोकेको दरमा बिक्रीगर्ने गरी ठेक्काबन्दो बस्तगर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वाकम्पनीहरुले फर्मको नवीकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६।०७७ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही शिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागीहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

तपसिल

| सि.नं. | सूचना नं./बोल पत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घनमिटर) | न्यूनतमबोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्रदस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | ०१/NRM/२०७७/०७८ | नौबहिनी गाउँपालिकाभएर बग्ने लुंग खोलको बगर क्षेत्र बाट नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्ने कार्य | IEE को प्रतिवेदन अनुसार | ६,००,०००।०० | १५,०००।०० | १००० |

शर्तहरु :

१. फर्मको हकमा नबीरकरण भएको दर्ता प्रमाणपत्र, मूल्यअभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६।०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमानगदै तिरेको रसिद वा नेपाल इन्भेष्टमेण्ट बैंक बाहाने शाखामा रहेको यस कार्यालयको खाता नं. **07601400250146** मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्रफाराम खरिद गर्न सकिनेछ । दरभाउपत्र पेश गर्ने अन्तिमदिन सार्वजनिकविदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुनआउने धरौटी रकम यस कार्यालयको .नेपाल इन्भेष्टमेण्ट बैंकको बाहाने शाखामा रहेको धरौटी खाता नं. **07601400250023** जम्मा गरी सो को सक्कल बैंक भौचर वा ईजाजत प्राप्त क बर्गको बैंकबाट यस

# नौवहिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**लुम्बिनी प्रदेश**

कार्यालयको नाममा बोलपत्र नं. र प्याकेज नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको विडवण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको दरभाउपत्रफाराममहरुमाउल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खामबाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपाईटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्टखुलाई फर्मको छापलगाई प्रथमपटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउसो १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमो सो कार्य विदाको लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-विड बैठक यो सूचनाप्रकाशितमितिले ७ औं दिनको २ बजे नौवहिनी गाउपालिको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठक मा भाग लिन यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिका बाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्यहुने छैन । बोलपत्र स्वीकृत गर्ने वा कारण सहित नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा सूचनाटाँस भएको मितिले ७ दिनभित्र संझौता अंकको सार्बजनिक खरिद ऐन बमोजिमको कार्य संपादन जमानत नगद वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममाजारी गरिएको कार्यसंपादन जमानतलिई कबोल अंकको प्रथम किस्ता बापत २० प्रतिशतले हुने रकमअनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ताबापत ५० प्रतिशतले हुने नगद रकममा मु.अ.क. समेत मिति २०७७।१२।३० गतेभित्र यस कार्यालयमा बुझाउनु पर्नेछ । र अन्तीम किस्ता २०७८।२।२० गते भित्र बुझाउन पर्ने छ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । गाउपालिकाको नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्बन्धित स्थानीयतह बाट जारी भएको कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा कार्यबिधि मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन तथा बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको Website : www.naubahinirm.gov.np मा समेत हेर्न सकिनेछ ।

**थानेश्वर भण्डारी**
**प्रमुख प्रशासकिय अधिकृत**